का.जि.प्र.का.द.नं. १००/०५९/६०

१६ माघ २०८०,
मंगलबार
30 January 2024,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ३५६ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com




### एनसेलको छानबिन प्रतिवेदन

# शेयर खरिद-बिक्रीमा स्रोत नखुलेको सम्पत्ति प्रयोग

शेयर बिक्रीपश्चात वर्षौंसम्म बिक्रेताले बिक्री गरेको कम्पनीको लाभांश लैजान पाउने, मुद्दा गर्न पाउने, कम्पनीको ऋण तथा दायित्वसमेत बिक्रीकर्तामा नहुनेजस्ता शर्तहरू भएकाले उक्त सम्झौता स्वतन्त्र ढंगले भएको मान्न नसकिने छानबिन प्रतिवेदनको निष्कर्ष छ ।

यथास्थितिमा एनसेलको पछिल्लो शेयर खरिद/बिक्री स्वीकार गर्न नसकिने निष्कर्ष निकालिएको छ ।



**टंकमणि शर्मा**
संयोजक, छानबिन समिति

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १५ माघ ।

एनसेलको शेयर खरिद/बिक्री सम्बन्धी छानबिन प्रतिवेदन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई बुझाइएको छ । पूर्वमहालेखापरीक्षक टंकमणि शर्मा संयोजकत्वको ५ सदस्यीय उच्चस्तरीय समितिले सोमबार प्रधानमन्त्रीलाई प्रतिवेदन बुझाएको हो । प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यका अनुसार प्रतिवेदनको विषय सार्वजनिक जानकारीमा ल्याइनेछ ।

तर प्रधानमन्त्रीलाई प्रतिवेदन बुझाएपछि पत्रकारहरुसँग कुरा गर्दै छानबिन समितिका संयोजक टंकमणि शर्माले 'यथास्थितिमा एनसेलको पछिल्लो शेयर खरिद/बिक्री स्वीकार गर्न नसकिने निष्कर्ष' निकालिएको जानकारी दिए । प्रतिवेदन बुझ्दै प्रधानमन्त्री प्रचण्डले निष्कर्षमाथि थप अध्ययन गरेर कार्यान्वयनमा लगिने प्रतिवद्धता व्यक्त गरेका छन् ।

आयोगका सदस्यहरुका अनुसार शेयर खरिद/बिक्रीमा स्रोत नखुलेको सम्पति प्रयोग भएको निष्कर्षमा पुगिएको छ । यस सम्बन्धमा थप अनुसन्धान गर्न र अनुसन्धानका आधारमा संलग्नहरुमाथि सम्पति सुद्धिकरणको मुद्दा चलाउन भनिएको छ । अन्यथा, संलग्नहरुमाथि भ्रष्टाचारको मुद्दा समेत चलाउन सकिने आयोगको निष्कर्ष छ ।

सरकारलाई जानकारी नदिई मलेसियन कम्पनी आजियाटाले एनसेलको शेयर बेलायती कम्पनी स्पेक्ट्रलाईटलाई बेचेको थियो । सो खरिद-बिक्री सम्झौतापछि राजनीतिक दलदेखि संसद्सम्म छानबिनको माग उठेपछि सरकारले समिति गठन गरेको थियो ।

गत मंसिर २१ गते गठित ५ सदस्यीय छानबिन समितिका सदस्यहरुका अनुसार राजस्व चुहावट, सम्पत्ति शुद्धीकरण र त्यसमा सघाउने सार्वजनिक पदाधिकारीहरुले भ्रष्टाचार गरेको प्रवल सम्भावना प्रतिवेदनमा औंल्याइएको छ । यसतर्फ सम्बन्धित निकायबाट अनुसन्धान हुनुपर्ने आयोगको निष्कर्ष छ ।

नीतिगत व्यवस्था सुधार लगायत विषय पनि सुझाइएको छ । कतिपय विषयमा नीतिगत सुधार र कानून संशोधन गर्न अपरिहार्य रहेको भन्ने हाम्रो छानबिनको निष्कर्ष छ ।

साथै, स्मार्टसेलमा लगानी गरेको समूहले राज्यलाई तिर्नुपर्ने दायित्व नतिरेको अवस्थामा त्यही समूहले वैदेशिक लगानीको नाममा फेरि एनसेलमा लगानी गरेको भन्दै समितिले एनसेलको शेयर खरिदबिक्री सम्बन्धी पछिल्लो सम्झौतामा शंका व्यक्त गरेको छ ।

समितिले प्रतिवेदन बुझाएसँगै आजियाटा ग्रुप बर्हाड र स्पेक्ट्रालाइट यूकेबीच १ डिसेम्बर २०२३ मा भएको एनसेल आजियाटाको शेयर खरिद बिक्री सम्झौतामा उल्लिखित कारोबार समान व्यावसायिक व्यवहारको सिद्धान्तमा आधारित भएको नदेखिएको निष्कर्ष निकालेको छ ।

'बिक्रीकर्ता पक्ष हावी भई खरिदकर्ता पक्षमा स्वभाविक भन्दा बढी शर्तहरू राखेको, शेयर बिक्रीपश्चात वर्षौंसम्म पनि विक्रेताले आफूले बिक्री गरेको कम्पनीको लाभांश लैजान पाउने, मुद्दा गर्न पाउने, कम्पनीको ऋण तथा दायित्व समेत बिक्रीकर्तामा नहुनेजस्ता शर्तहरू भएकोले उक्त सम्झौता स्वतन्त्र ढंगले भएको स्वभाविक सम्झौता मान्न सकिने नदेखिएको' प्रतिवेदनमा भनिएको हो ।

वार्षिक रूपमा नै अबौं मुनाफा >>> पृष्ठ २ मा



*प्रधानमन्त्री प्रचण्डलाई एनसेलको शेयर खरिद/बिक्रीसम्बन्धी छानबिन प्रतिवेदन बुझाउँदै समिति । तस्बिर : प्रधानमन्त्रीको सचिवालय ।*

**माधव-झलनाथ**

# ५० वर्षदेखि सँगै तर सधैं प्रतिस्पर्धी

उच्च शिक्षा अध्ययनका लागि ३० को दशकमा काठमाडौं आएदेखि माधवकुमार नेपाल र झलनाथ खनाल सँगसँगै छन्, राजनीतिक आन्दोलनमार्फत। तर एकसाथ रहेपनि उनीहरु सधैं आपसमा प्रतिस्पर्धी छन् ।





**शिव विक/मध्यान्ह**
काठमाडौं, १५ माघ ।

नेकपा एकीकृत समाजवादीले नेताहरुको उमेर हद नराख्ने निर्णय गरेको छ । यसअघि ७० वर्षे उमेर हद राख्ने विषयमा छलफल भएको थियो । उमेर हद राख्दा माधवकुमार नेपाल र झलनाथ खनाल नै पार्टीको जिम्मेवारीबाट बाहिरिनुपर्ने भएपछि उमेर हदको प्रस्ताव अगाडि बढ्न सकेन ।

सोमबार सम्पन्न पार्टीको दोस्रो केन्द्रिय परिषद् बैठकका निर्णय सुनाउँदै पार्टी उपाध्यक्ष डा.वेदुराम भुसालले पार्टीमा उमेरहद नरहने निर्णय भएको जानकारी दिए । यो सँगै एकीकृत समाजवादीको नेतृत्वका लागि फेरि माधव नेपाल र झलनाथ खनाल नै मुख्य प्रतिस्पर्धीको रुपमा देखा परेका छन् ।

> **माधव र झलनाथले नेकपा एमालेको नेतृत्व गरिसकेका छन् । दुबै नेताले एमाले फुटाएर एकीकृत समाजवादी बनाएका छन् । नयाँ पार्टीमा पनि दुवै नेता शुरुदेखि नै प्रतिस्पर्धी देखिन्छन् ।**

माधव र झलनाथले एमालेको नेतृत्व गरिसकेका छन् । दुबै नेताले नेकपा एमाले फुटाएर एकीकृत समाजवादी बनाएका छन् । नयाँ पार्टीमा पनि दुवै नेता सुरुदेखि अन्तरसंघर्षमा छन् ।

२०३२ सालमा अखिल नेपाल कोर्डिनेसन केन्द्र बनाउँदादेखि माधव नेपाल र झलनाथ खनाल साथसाथ छन् । सीपी मैनालीलाई नेतृत्वबाट हटाउन माधव नेपालले ०३७ सालमै खनाललाई अगाडि बढाएका थिए । तर पछि पार्टी नेतृत्वमा मदन भण्डारी आए । २०५० सालमा मदनको मृत्युपछि माधव नेपाल नेतृत्वमा आए ।

२०६४ को चुनावपछि माधव नेपालले राजीनामा दिए । त्यसपछि खनाल नेतृत्वमा आए । त्यसबेला माधवले खनाललाई नभएर केपी ओलीलाई साथ दिएका थिए । ओली सक्तिमा आएपछि फेरि दुई नेता नजिक भए । एमाले फुटाएर एकीकृत समाजवादी बनाउँदा झलनाथले माधवलाई अघि सारे ।

अब फेरि एकीकृत समाजवादीको नेतृत्वको लागि झलनाथ र माधव नेपाल नै भिड्दैछन् । यसकै लागि पार्टीमा उमेरहद नराख्ने निर्णय भएको छ ।

उच्च शिक्षा अध्ययनका लागि ३० को दशकमा काठमाडौं आएका बेलादेखि उनीहरुले साथै राजनीति गरे । राजनीतिमा ५० वर्ष बिताए । तर, एकसाथ रहेतापनि उनीहरु सँधै आपसमा प्रतिस्पर्धीका रुपमा देखिन्छन् । फेरि पनि उनीहरु नेतृत्वका लागि आपसमा भिड्ने >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# यूएईमा आगामी फागुनमा 'जव फेयर' गरिने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ माघ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगार व्यवसायी र वैदेशिक रोजगारीमा जाने कामदार हरुको हित प्रवर्द्धनका लागि यूएईमा आगामी फागुनमा रोजगार मेला 'जव फेयर' गर्ने बताएको छ ।

यूएईको सबै क्षेत्रमा नेपाली कामदारको डिमाण्ड रहेको भएपनि बिचौलियाहरुका कारण उक्त डिमाण्ड अन्यत्र जाने अवस्था रहेको भन्दै संघले बिचौलियाहरूलाई कामदारको भर्ना प्रक्रियामा निषेध गरी रोजगारदातासँग नेपाली म्यानपावरको प्रत्यक्ष सम्पर्क स्थापित गर्ने अवधारणाअनुसार रोजगार मेलाको तयारी भएको संघका महासचिव तथा प्रवक्ता मेघनाथ भुर्तेलले जानकारी दिए ।

संघको समन्वयमा आगामी फागुन ३ अर्थात फेब्रुअरी १५ तारिकमा यूएई सरकारका प्रतिनिधि, त्यहाँका बहुराष्ट्रियसहित ठूला रोजगारदाता कम्पनी, चेम्बर अफ कमर्सलगायत विभिन्न व्यावसायिक संस्थाको सहभागितामा जव फेयर गरिने भन्दै महासचिव भुर्तेलले त्यस विषयमा संघलाई छातासंस्था मान्ने शुभेच्छुक संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरुसँग सोमबार प्रारम्भिक चरणमा छलफल गरिएको जानकारी दिए । जव फेयरमा सहभागी हुन इच्छुक म्यानपावर कम्पनीहरुको नामावली संकलन गर्न संघबाट निर्णय भइ केही दिनभित्रै सूचना प्रकाशित गरिने भन्दै संघले इच्छुक व्यवसायीहरुले आफ्नो विवरण संघ कार्यालयमा उपलब्ध गराउन सक्ने बताएको छ ।

यूएईमा विभिन्न देशका कामदार कार्यरत रहेका छन् । त्यसमध्ये फिलिपिन्सले सरकारीस्तरमा नै पटक-पटक 'जव फेयर' गरेर बजार प्रवर्द्धनमा अगाडि रहेको छ। नेपालले भने १७ वर्षअघि जव फेयर गरेपनि त्यसलाई निरन्तरता दिन सकेको छैन। हाल प्रतिनिधि सभा सदस्य रहेका संघका तत्कालीन अध्यक्ष लालप्रसाद साँवा लिम्बूको कार्यकालमा सन् २००७ को जुन ६ तारिकमा दुबईको ग्राण्ड हायात होटलमा 'जव फेयर'को आयोजना गरेको थियो ।

त्यतिबेला २६ कम्पनीले स्टल राखेर आ-आफ्ना सूचनाहरू प्रवाह गरेका थिए भने वैदेशिक रोजगार विज्ञ डा. गणेश गुरुङले नेपालमा उपलब्ध अदक्ष, अर्धदक्ष तथा दक्ष कामदारहरूको बारेमा विस्तृत जानकारीगराएपछि नेपालमा कामदारहरू अदक्ष मात्र उपलब्ध छन् भन्ने >>> पृष्ठ २ मा

## जाजरकोटमा न्यानो कपडाका लागि मलेसियाबाट सहयोग

**तिलोचन गौतम/मध्यान्ह**
काठमाडौं, १५ माघ

मलेसियामा रहेका नेपाली व्यवसायीहरुले जाजरकोट भूकम्प प्रभावितहरूलाई ८ हजार ४ सय ५५ मलेसियन रिंगेट अर्थात २ लाख ३६ हजार ७ सय ९७ रुपैयाँ आर्थिक सहयोग प्रदान गरेका छन् । नेपाली जनसम्पर्क समिति मलेसियाद्वारा जाजरकोट भूकम्प प्रभावितहरूका लागि न्यानो कपडा वितरण गर्नका लागि आर्थिक सहयोग प्रदान गरिएको हो ।

नेपाली जनसम्पर्क समिति मलेसियालाई नेपाली कांग्रेस महासमिति सदस्य भेरी नगरपालिका ११ जाजरकोटका मुक्ति आचार्यले दिएको निवेदनअनुसार >>> पृष्ठ २ मा

# बन्द उद्योग खोल्दै सरकार

निजी क्षेत्र र सेनामार्फत बन्द र रुग्ण उद्योग सञ्चालन गर्ने सरकारको तयारी छ । यसका लागि आवश्यक निर्णय गरेर प्रक्रिया अगाडि बढाइएको छ ।



विराटनगर जुट मिल, हेटौंडा कपडा उद्योग, गोरखकाली रबर उद्योग, बुटवल धागो उद्योगलगायत रुग्ण रहेकालाई अघि बढाउने योजना छ । सरकारले पुराना उद्योग सञ्चालन गरेर रोजगारी सिर्जना गर्ने संकल्प गरेको छ ।

**प्रचण्ड**
प्रधानमन्त्री

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ माघ ।

सरकारले बन्द र रुग्ण उद्योग सञ्चालन गर्ने तयारी गरेको छ। निजी क्षेत्र र सेनामार्फत बन्द र रुग्ण उद्योग सञ्चालन गर्ने सरकारको तयारी छ। यसका लागि आवश्यक निर्णय गरेर प्रक्रिया अगाडि बढाइएको छ । पुराना उद्योग सञ्चालन गरेर रोजगारी सृजना गर्ने सरकारले संकल्प छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डका अनुसार आइतबार दुई वटा नयाँ काम अघि बढाउने निर्णय भएको छ । 'विराटनगर जुट मिल, हेटौंडा कपडा उद्योग, गोरखकाली रबर उद्योग, बुटवल धागो उद्योगलगायत रुग्ण रहेकालाई अघि बढाउने योजना छ' सोमबार पर्साको वीरगञ्जमा >>> पृष्ठ २ मा



# शहीद दिवस मनाइँदै



**काठमाडौं/मस**–देश र जनताको हित र अधिकारका लागि जीवन त्याग गरेका शहीदप्रति सम्मान गर्दै आज देशभर शहीद दिवस मनाइँदै छ ।

प्रत्येक वर्ष माघ १६ गते मनाइने शहीद दिवस प्रजातन्त्र स्थापना एवं पुनःस्थापना तथा विभिन्न कालखण्डका स्वतन्त्रताका लागि जीवन आहुति दिने शहीदको सम्झनामा विविध कार्यक्रम गरी मनाउने गरिएको छ ।

नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाउन इतिहासका विभिन्न काल खण्डमा निरंकुश र तानाशाही शासन व्यवस्थाविरुद्ध भएका क्रान्ति तथा लोकतान्त्रिक जनआन्दोलनमा आफ्नो जीवन बलिदान गर्ने वीर वीरङ्गानाहरूप्रति सम्झना गर्दै यो दिवस मनाइँदै आइएको छ ।

वीर शहीद शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गंगालाल श्रेष्ठको संघर्षमय जीवन र बलिदानको गाथा र प्रजातान्त्रिक आन्दोलनका अरू योद्धाहरूको योगदानमा शहीद दिवस मनाइएको हो ।

निरंकुश जहानियाँ राणा शासनविरुद्ध आफ्नो ज्यानको बलिदान गरेका वीर शहीदको स्मरणमा विभिन्न गैरसरकारी संघसंस्थाको पहलमा हरेक वर्ष माघ १० देखि १६ गतेसम्म 'शहीद सप्ताह' पनि मनाइँदै आएको छ ।

विभिन्न समयमा भएका आन्दोलनमा होमिएर राष्ट्रका लागि वीरगति प्राप्त गरेका शहीदको साहस र त्यागको पनि लेखाजोखा र उच्च मूल्यांकन गर्दै माघ १६ लाई शहीद दिवसका रुपमा मनाइएको हो ।

स्वतन्त्रताको माग गर्दा विसं १९९७ मा शहीद शुक्रराज शास्त्रीलाई माघ १० गते काठमाडौंको टेकुस्थित पचलीमा, माघ १३ गते धर्मभक्त माथेमालाई सिफलमा र गंगालाल श्रेष्ठ एवं दशरथ चन्दलाई माघ १५ गते शोभाभगवतीमा राणा शासकले मृत्युदण्ड दिइएको थियो ।

यसैबीच राष्ट्रपति रामचन्द्र पौडेलले संविधान र गणतन्त्रले परिलक्ष्य गरेको मर्मलाई आत्मसात् गर्दै दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्नेतर्फ अग्रसर भए मात्रै शहीदको सम्मान हुने बताएका छन् ।

शहीद दिवसको अवसरमा शुभकामना सन्देश जारी गर्दै उनले नेपाल र नेपाली जनताको स्वाधीनताका लागि सहादत प्राप्त गरेका शहीदहरूको आकांक्षा साकार पार्न सबैले आ-आफ्नातर्फबाट इमान्दारीका साथ उल्लेखनीय भूमिका खेल्नुपर्नेमा जोड दिएका छन् ।

महान् शहीदहरूको बलिदानले नै संविधानमार्फत मुलुकले सर्वोत्कृष्ट शासन प्रणाली संघीय लोकतान्त्रिक गणतन्त्र पाएको राष्ट्रपति पौडेलले उल्लेख गरेका छन् ।

यस्तै उपराष्ट्रपति रामसहायप्रसाद यादवले शहीदको सम्मानका लागि त्याग र आहुतिको स्मरण गर्दै समाजमा जागरुकता र चेतना फैलाउन जरुरी रहेको बताएका छन् ।

अमर शहीदले दिएका बलिदानीको ऋण तिर्न नसकिने समेत उल्लेख गर्दै उपराष्ट्रपति यादवले वीर शहीदहरुको सपना र आकांक्षा साकार पार्न सम्पूर्ण राजनीतिक दल, नागरिक समाजलगायत सबैले दृढ संकल्प, उच्च अठोट, पवित्र मन, वचन र कर्मका साथ लाग्नुपर्नेमा जोड दिए । उपराष्ट्रपति यादवले महान् शहीदको बलिदानबाट प्राप्त उपलब्धिहरुको माध्यमबाट मुलुकको दिगो शान्ति, सुशासन, विकास, सबलीकरण, समृद्धिको आकांक्षा पूरा गर्नुपर्ने बताए । उनले नेपालजस्तो विविधतामा एकताको धनी र संस्कृति सम्पन्न मुलुकमा समय-समयमा कुनै न कुनै महापुरुषले जन्म लिई देशको सुरक्षा, लोकतन्त्र, समावेशिता र पहिचानका लागि आफ्नो ज्यानको आहुति दिएको स्मरण गरेका छन् ।

# निःशुल्क कानूनी सहायताका लागि 'सफ्टवेयर' जरुरी छ : मन्त्री गुरुङ



**काठमाडौं/मस**–कानून, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले आर्थिक अवस्था कमजोर भएका नागरिकलाई न्यायमा पहुँच पुर्‍याउन निःशुल्क कानूनी सहायतासम्बन्धी 'सफ्टवेयर' जरुरी भएको बताएका छन् ।

एकीकृत कानूनी सहायता प्रतिवेदन प्रणालीसम्बन्धी सफ्टवेयरको शुभारम्भ गर्दै उनले विपन्न, आर्थिकरुपमा कमजोर भएका नागरिकलाई न्यायमा पहुँच पुर्‍याउन निःशुल्क कानून सहायता जरुरी रहेको बताए । उनले सफ्टवेयरको प्रभावकारी कार्यान्वयनका लागि सबैले त्यसको अपनत्व लिई समन्वयात्मक रुपमा काम गरी अगाडि बढ्न सबैलाई आग्रह गरे ।

मन्त्री गुरुङले नेपालको संविधान तथा कानुनमा व्यवस्था भएबमोजिम सम्बन्धित निकायहरुबाट विभिन्न कार्यक्रम सञ्चालन भइरहेका भए पनि कानूनी सहायतासम्बन्धी सेवाको अभिलेखलाई व्यवस्थित गर्न नसक्दा भए गरेका कार्यको समेत मूल्यांकन हुन नसकेको बताए ।

कानूनी सहायताको सन्दर्भमा देखिएका समस्या र जनगुनासोलाई सम्बोधन गर्न सफ्टवेयर महत्वपूर्ण रहेको र सफ्टवेयरको प्रयोगका विषयमा सम्बन्धित सरोकारवाला समन्वयात्मकरुपमा अगाडि बढाउनुपर्ने आवश्यकता रहेको उनको भनाइ थियो । निःशुल्क कानुनी सहायतासम्बन्धी ऐन, २०५४ ले व्यवस्था गरेको केन्द्रीय कानुनी सहायता समितिको बैठकमा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्गको न्यायमा समान र सहज पहुँचलाई सुनिश्चित गर्न निःशुल्क कानुनी सहायताअन्तर्गत विभिन्न निकायले प्रदान गर्दै आएका सेवालाई एकीकृत गरी सो सम्बन्धी अभिलेखलाई व्यवस्थित गर्ने उद्देश्यका साथ उक्त सफ्टवेयर निर्माण गरिएको मन्त्रालयले जनाएको छ ।

# मानव अधिकार उल्लंघन गर्ने एक सय दुई जनालाई कारबाही र क्षतिपूर्तिका लागि सिफारिस

**काठमाडौं/मस**– राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार उल्लंघन गर्ने एक सय दुईजनालाई कारबाही र क्षतिपूर्तिका लागि सिफारिस गरिएको जनाएको छ ।

आर्थिक वर्ष २०७९/८० मा सम्पादन भएका कामबारे जानकारी दिँदै आयोगले नीतिगत सुधारका लागि १३ वटा सिफारिस गरेको समेत उल्लेख गरेको छ ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलका अनुसार कानूनी कारबाही र विभागीय कारबाहीका लागि ७६ जनालाई सिफारिस गरिएको छ भने ६६ जना दोषीको नाम किटान गरिएको छ । साथै क्षतिपूर्तिका लागि ५९ जनाको नाम सिफारिस गरिएको छ ।

सो अवधिमा आयोगमा मानव अधिकारको उल्लंघन वा हनन भएको भनी जम्मा एक सय उजुरी दर्ता भएका छन् । यस अवधि र अघिल्ला वर्षमा दर्ता भएकासहित तीन सय ५४ उजुरीमाथि अनुसन्धान सम्पन्न भएको आयोगले जनाएको छ ।

आयोगले दर्ता हुन आएका उजरीमध्ये प्रमुख महासन्धिका आधारमा सबैभन्दा बढी नागरिक तथा राजनीतिक अधिकारसँग सम्बन्धित ४७ वटा छन् भने सबैभन्दा कम जबर्जस्ती व्यक्ति बेपत्ता पार्नेविरुद्धको महासन्धिअन्तर्गत एक उजुरी दर्ता भएका छन् ।

# नेपाली कांग्रेस हुम्लाको समन्वय बैठक सम्पन्न

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १५ माघ



नेपाली कांग्रेस जिल्ला कार्यसमिति हुम्लाले शुभेच्छुक र भातृसंस्थाहरुसँग समन्वय बैठक सम्पन्न गरेको छ । जिल्ला कार्यसमिति हुम्लाले आउँदो २०८४ को चुनावलाई लक्षित गर्नका लागि शुभेच्छुक र भातृसंस्थासँग समन्वय गरेर योजना र कमि कमजोरीलाई सुधार गर्न समन्वय बैठक सञ्चालन गरेको नेपाली काग्रेस जिल्ला कार्यवाहक सभापति कैलाश भण्डारीले बताए ।

त्यस्तै शुभेच्छुक र भातृसंस्था बलियो बनाएर जाँदा कांग्रेस बलियो हुने भएकाले समन्वय बैठक सञ्चालन गर्नु परेको उनले बताए । शुभेच्छुक र भातृसंस्थाले कांग्रेसको लागि के गरेको छ ?, कस्तो गरेको छ ?, अब भावी दिनमा कांग्रेसको लागि के गर्ने छ भन्ने विषयमा छलफल केन्द्रित भएको जिल्ला उपसभापति वसन्त रोकायाले बताए ।

बैठकमा शुभेच्छुक र भातृसंस्थाले अहिलेसम्म गरेको काम, दबाब, बाधा अड्चन भोगिएको भोगाई र जिल्ला कार्यसमितिको कमिकमजोरी समेटेर शुभेच्छुक र भातृसंस्थाका प्रमुख प्रतिनिधिले सुझाव दिएका थिए । सुझावलाई कार्यान्वयन गर्न पछि नपर्ने नेपाली कांग्रेस जिल्ला कार्यसमितिले जनाएको छ ।

# लागुऔषधिसहित एक जना पक्राउ

**रौतहट/मस**–प्रहरीले लागुऔषधसहित मौलापुरबाट एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा मौलपुर नगरपालिका वडा नं. ५ स्थित सडक खण्डबाट लागुऔषध नाइट्राभेटसहित २८ वर्षीय संजयकुमार दास रहेका छन्। मौलापुर नगरपालिका फतुवा विजयपुर सडक खण्डबाट दासलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

इलाका प्रहरी कार्यालय मौलापुरबाट खटिएको प्रहरी टोलीले विशेष सूचनाका आधारमा चेकजाँच गर्ने क्रममा पक्राउ गरीएको रौतहटका प्रहरी नायव उपरीक्षक तथा सूचना अधिकारी एलिजा गिरीले जानकारी दिइन् । उनका अनुसार ना १३ प ४१९२ नम्बरको मोटरसाइकललाई रोकेर खानतलासी गर्दा फतुवा विजयपुर नगरपालिका ८ विजयपुर घर भएका दासको साथबाट लागुऔषध नाइट्राभेट फेला परेको हो ।

पक्राउ परेका दासको शरिरबाट लागुऔषध नाइट्राभेट २० पत्तामा २८९ पिस बरामद भएको उनले बताइन् । लागुऔषधसहित नियन्त्रणमा लिइएका दासलाई म्याद थप गरी आवश्यक कारवाही प्रक्रिया अघि बढेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । पछिल्लो समयमा लागुऔषध कारोवार वा सेवनकर्ता बढेको भन्दै जिल्ला प्रहरी कार्यालयले सिमावर्ती क्षेत्रमा निगरानी बढाएको छ ।

## एनसेलको ...

आर्जन गरिरहेको नेपालकै ठूलो दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेल आजियाटाले विज्ञप्तिमार्फत् सार्वजनिक गरेको शेयर कारोबारको व्यावसायिक मूल्य र सम्झौताका शर्तहरू स्वभाविक नदेखिएको, खरिदकर्ताको प्राविधिक सक्षमता र करोडौं ग्राहक रहेको टेलिकम कम्पनी सञ्चालन गर्न आवश्यक वित्तीय क्षमता समेत सबल नदेखिएको उल्लेख छ ।

## माधव...

मनस्थितिमा रहेका कारण नेकपा एसमा उमेर हद लागू हुन सकेन । नेताहरुका अनुसार यसअघि ७० वर्ष उमेरहद राख्ने विषयमा छलफल भएको थियो। तर, उमेर हद राख्दा माधव र झलनाथ नै पार्टीको जिम्मेवारीबाट बाहिरिनुपर्ने भएपछि यो विषय अघि बढ्न सकेन ।

## यूएईमा...

यूएईका रोजगारदाताहरूको सोचाइ नै परिवर्तन भएको धेरैको बुझाइ छ।

यूएईमा जब फेयर भएको १७ वर्षको अवधिमा बजार प्रवर्द्धनका नाममा काठमाडौंमा धेरै कार्यपत्र प्रस्तुत भएपनि ठोस् काम भने हुन नसकेको वैदेशिक रोजगार व्यवसायीको भनाइ छ । पछिल्ला महिनाहरूमा यूएई धेरै नेपाली कामदार जाने श्रम गन्तव्य मुलुकको शीर्ष स्थानमा रहेको छ ।

## जाजरकोटमा...

मलेसियामा आर्थिक अभियान शुरू गरिएको थियो ।

संकलन गरिएको रकम सोमबार कांग्रेसका महासमिति सदस्य आचार्यको नाममा पठाइएको र सो रकमले कपडा खरिद गरी चाँडै नै वितरण गरिने जनसम्पर्क समिति मलेसियाका सभापति चोलाकान्त पंगेनीले मध्यान्ह दैनिकलाई जानकारी दिए । नेपाली जनसम्पर्क समिति मलेसियाका अध्यक्ष पंगेनीको सक्रियतामा चलाइएको अभियानमा मलेसियामा रहेका विभिन्न सामाजिक संघसंस्थाका प्रतिनिधिहरुले सहयोग गरेका छन् । जसमा नेपाली जनसम्पर्क समिति मलेसियाका अध्यक्ष पंगेनी आफैंले ६ सय ७० मलेसियन रिंगेट प्रदान गरेका छन् भने गैरआवासीय नेपाली संघ (एनआरएनए) आईसीसीका उपाध्यक्ष खगेन्द्र न्यौपानेले १ हजार मलेसियन रिंगेट, गैरआवासीय नेपाली संघ एसिया प्यासिफिकका संयोजक हरिप्रसाद भट्टराईले ८ सय ८८ रिंगेट, प्रवासी नेपाली मञ्च मलेसियाका पूर्वअध्यक्ष शेरबहादुर गुरुङले ६ सय ६६, र नेपाली जनसम्पर्क समिति मलेसियाका उपाध्यक्ष तथा एनआरएनए एनसीसी मलेसियाका प्रथम उपाध्यक्ष राकेश महतोले ५ सय ५५ रिंगेट सहयोग गरेका छन्। सहयोग गरेका छन् ।

त्यस्तै एनआरएनए मलेसियाका अध्यक्ष विनोद थापा, प्रवासी नेपाली मञ्च राष्ट्रिय कमिटी मलेसियाका अध्यक्ष दयाराम कुमाल, प्रवासी नेपाली सम्पर्क विभाग मलेसियाका संयोजक नेत्र केसी तथा हिमालयन फुटबल क्लब मलेसियाका अध्यक्ष तथा एनआरएनए आईसीसी सदस्य सन्तोष कार्की, एनआरएनए मलेसियाका कोषाध्यक्ष बलधोज लिम्बू र नेपाली प्रवासी एकता समाज (पानस)का पूर्वअध्यक्ष योगेन्द्र कुंवरले ५सय १ रिंगेटका दरले सहयोग गरेका छन् । त्यस्तै नेपाली जनसम्पर्क समिति मलेसियाका उपाध्यक्ष तथा एनआरएनए आईसीसी सदस्य टेकबहादुर टमटाले ३ सय २१, नेपाल आदिवासी जनजाति महासंघ मलेसियाका अध्यक्ष विपिन राईले ३ सय १, नेपाली जनसम्पर्क समिति मलेसियाका महामन्त्री हरिप्रसाद कोइरालाले ३ सय र जनप्रगतिशील मञ्च मलेसियाका अध्यक्ष प्रेम पाण्डेले २ सय ५० सहयोग गरेका छन् । यसैगरी मन्डला रेष्टुरेन्टको तर्फबाट सञ्चालकद्वय पासाङ तामाङ र चोलाकान्त पंगेनीले ५ सय रिंगेट सहयोग गरेका छन् । नेपाली जनसम्पर्क समिति मलेसियाका अध्यक्ष पंगेनीले जनसम्पर्क समिति मलेसियाप्रति विश्वास गरेर जाजरकोटमा भूकम्प प्रभावितका लागि सहयोग गर्ने सम्पूर्ण समाजसेवी सहयोगीदाताहरुप्रति आभार तथा धन्यवाद ज्ञापन गरेका छन् ।

## बन्द...

प्रेस सेन्टर नेपालको कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले भने। प्रधानमन्त्री प्रचण्डका अनुसार कतिपय निजी र सार्वजनिक सहकार्य र कतिपय नेपाली सेनालाई सञ्चालन गर्न दिने निर्णय भएको छ। 'यसको परिणाम एक साताभित्र नै राष्ट्रले देख्नेछ' यो सरकारले पुराना उद्योग सञ्चालन गरेर रोजगारी सृजना गर्ने संकल्प गरेको छ ।' यसअघि प्रधानमन्त्री प्रचण्डले बन्द रहेका हेटौँडा कपडा उद्योग, वीरगन्ज चिनी कारखाना, गोरखकाली रबर उद्योग लगायत उद्योगहरू सञ्चालन गर्ने विकल्पबारे सरोकारवालाहरुसँग छलफल गरेका थिए ।

यही माघ १४ गते आइतबार प्रधानमन्त्रीले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग बन्द उद्योगहरू सञ्चालनमा ल्याउने विकल्पहरुका सम्बन्धमा छलफल गरेका थिए । प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका अनुसार हेटौंडा कपडा उद्योग, वीरगन्ज चिनी कारखाना, गोरखकाली रबर उद्योग लगायत उद्योगहरू फेरि सञ्चालन गर्ने विकल्पबारे गहन छलफल भएको छ । प्रधानमन्त्री प्रचण्डले पब्लिक/प्राइभेट/पार्टनरसीप (पीपीपी) मोडेलमा ती उद्योगहरू फेरि सञ्चालन गर्ने ठोस प्रस्ताव एक हप्ताभित्र पेस गर्न मन्त्रालयलाई निर्देशित समेत गरेका छन् । प्रधानमन्त्री प्रचण्डले भनेका छन्, ' मलाई विश्वास छ । यस प्रयासले राष्ट्रिय अर्थतन्त्रमा महत्ववपूर्ण योगदान गर्नुका साथै उत्पादन र रोजगारी सिर्जनाका क्षेत्रमा कोशेढुंगाको काम गर्नेछ ।' पहिलो, उद्योगमा थप लगानी गरी प्रविधिमा स्तरोन्नति गरेर सञ्चालनमा ल्याउने । दोस्रो, निजी क्षेत्र वा वैदेशिक लगानी गर्न चाहने फर्मलाई आरपिपी मोडलमा सञ्चालन गर्न दिने। तेस्रो, यदि सरकार तथा निजी क्षेत्रले चलाउन सकिँदैन भनेमा ब्रान्ड नाम, मेसिन बिक्री गर्ने र कम्पनी खारेज गर्ने । बन्द र रुग्ण सबै उद्योगहरूको जडित क्षमता कम र प्रविधि पुरानो भएकाले यथास्थितिमा सञ्चालन गर्न सकिने अवस्था नरहेको अध्ययनले औंल्याएको छ। अध्ययनका आधारमा सरकारले पब्लिक/प्राइभेट/पार्टनरसीप (पीपीपी) मोडेलमा उद्योगहरू फेरि सञ्चालन गर्ने तयारी अघि बढाएको हो ।

# रंगपुर साझेदारी वनको अध्यक्षमा यादव निर्विरोध



**रौतहट/मस**-रंगपुर साझेदारी वन व्यवस्थापन समूहको अध्यक्षमा अशोक यादव निर्विरोध चयन भएका छन् । शनिबार गरुडामा भएको साधारण सभाबाट यादव निर्विरोध निर्वाचित भएका हुन् । गरुडा नगरपालिका ५ झाँझपुलस्थित माध्यमिक विद्यालयमा भएको साधारण सभामा यादवको मात्र मनोनयन दर्ता भएकोले उनी निर्विरोध चयन भएको हुन्। अध्यक्ष पदमा यादव निर्विरोध निर्वाचित भएपछि अन्य पदहरुमा पनि सहमतिको वातावरण बनाइने बताइएको छ ।

साधारण सभाको उद्घाटनमा पूर्व प्रदेश राज्यमन्त्री नागेन्द्र यादवले साझेदारी वनले जनताको जीवनस्तर र वातावरण सुधारमा महत्वपूर्ण भूमिका खेल्दै आएका बताए ।

वन समूहको नयाँ नेतृत्वले सर्वसाधारणलाई दिने सुविधामा अझै सहजीकरण गर्ने तथा वन र वातावरण जोगाउन भूमिका खेल्ने उनले बताए। सहभागीहरुले वातावरण जोगाउनको लागि वन आवश्यक भएको बताउँदै मधेशको भूमिलाई मरुभूमिकरणबाट बचाउन पनि वन जोगाउन तथा रुख रोप्न आवश्यक रहेको धारणा राखेका थिए ।

# आजदेखि सरकारी कार्यालय ५ बजेसम्म खुल्ने

**काठमाडौं/मस**– आजदेखि देशभरका सम्पूर्ण सरकारी कार्यालय अपराह्न ५ बजेसम्म खुल्ने भएका छन् । सरकारले २०७९ साल चैत २ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरी माघ १६ गतेदेखि कार्यालय समय बिहान १० देखि अपराह्न ५ बजेसम्म हुने जनाएको थियो ।

सरकारले गत कात्तिक १६ गतेदेखि यही माघ १५ गतेसम्म बिहान १० देखि अपराह्न ४ बजेसम्म तोकेको थियो । वैशाख १ देखि कात्तिक १५ गतेसम्म र माघ १६ देखि चैत मसान्तसम्म कार्यालय समय साँझ ५ बजेसम्म सञ्चालन हुनेछन् ।

शुक्रबारका दिन बिहान १० देखि अपराह्न ३ बजेसम्म कार्यालय खुल्ला रहने गृहमन्त्रालयले जनाएको छ । सरकारले दिउँसो १:३० देखि २ बजेसम्म खाजा खाने समय निर्धारण गरेको छ ।


## सच्याइएको सूचना

**सूचना प्रकाशन मिति : २०८०/१०/१६ गते**
यस दैनिकमा मिति २०८०/१०/०९ प्रकाशित **श्री चन्द्र सामुदायिक वन उपभोक्ता समूह, भेरीगंगा न.पा. ६, सुर्खेत**को काठ बोलपत्रद्वारा लिलाम विक्रीको सूचनामा पूर्ण व्यहोराका सूचना यस श्री चन्द्र सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, भेरीगंगा न.पा.-०६, सुर्खेत, डिभिजन वन कार्यालय बिरेन्द्रनगर, सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८०/१०/१६**
**नेपाल एग्रो लाइफ प्रा.लि.** को मिति २०८०/१०/०५ मा सम्पन्न वार्षिक /विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **स्मार्ट बाइक केयर प्रा.लि. (प्रा.लि. नं.: ३०७७५८)** साथै साविक ठेगाना परिवर्तन गरी **ललितपुर महानगरपालिका-१३, ललितपुर** कायम गर्ने गरी मिति २०८०/१०/०७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०६/०९ मा दर्ता भएको **प्रा लि नं २२५८३७/०७६/०७७** को **प्रेम कन्स्ट्रक्सन प्रा.लि.**को मिति २०८०/०९/०४ मा सम्पन्न बिशेष साधारण सभा बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वैच्छिक खारेजी लिक्विडेसनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: रोशन कुमार बजिमय,** **इजाजत प्र.प.नं. २२१**
**ठेगाना: त्रिपुरेश्वर, काठमाडौं** **मोवाईल नं. ९८४१३६९७७१**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०३/१५ मा दर्ता भएको **प्रा लि नं १९२६४०/०७३/०७४** को **भुटनदेवी मल्टिपर्पोज प्रा.लि.**को मिति २०८०/१०/१५ मा सम्पन्न बिशेष साधारण सभा बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वैच्छिक खारेजी लिक्विडेसनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: रोशन कुमार बजिमय,** **इजाजत प्र.प.नं. २२१**
**ठेगाना: त्रिपुरेश्वर, काठमाडौं** **मोवाईल नं. ९८४१३६९७७१**

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय सँचालन गर्न इजाजत प्राप्त यस **स्काई अफ द वर्ल्ड मेनापावर प्रा.लि**. श्रम इजाजत पत्र नं. १०३९/०७३/०७४ मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयमा कार्यारत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गरायमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

| सि.नं. | कर्मचारीहरुको नाम | कर्मचारीहरुको पद | नियुक्ति मिति | स्थायी ठेगाना | अवधी मिति |
|---|---|---|---|---|---|
| १. | सुरुचि मगर | डकुमेनटेसन | २०७९/०४/०१ | जिबनपुर-७, धादिंग | २०८०/०३/२८ |
| २. | सम्रात गुरुङ | डकुमेनटेसन | २०७९/०४/०१ | काठमाडौं-४, बागमती | २०८०/०३/२८ |

श्रम ई. पत्र नं.: १०३९/०७३/०७४
**Sky Of The World Manpower Pvt. Ltd.**
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 4588231
Mob.: 9851068774, 9851035867
E-mail : skymanpower1039@gmail.com, info@skymanpower.com, Web.www.skymanpower.com

## Saudi Arabia मा बैदेशिक रोजगारको अवसर

Company: Web Information Technology Company (One Person Company

पूर्व स्वीकृती मिति: २०८०/०९/०८ चलानी नं. ६०२१२०१३ LT No.: 296901

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Office & Facility Cleaning Worker | 3 | काममा दक्ष | 1000 | ३५,५२६।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु १०,०००/- |

अन्तरवार्ता २०८० माघ २३ गते (6 Feb., 2024) गते यस प्रा. लि. को कार्यालय सिनामंगलमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**पावर हाउस ओभरसिज कन्सर्न प्रा. लि.**
सिनामंगल-९, एयरपोर्ट, काठमाडौं, फोन : ४४६९७१०
श्रम ईजाजत नं.: ७८१/०६४/०६५

## Kuwait मा रोजगार |

कम्पनी : VIDA PURA RESTAURANT COMPANY
शहर : KUWAIT

पूर्व स्वीकृत मिति: २०८०/१०/१५ चलानी नं.: ६०२१४००६ L.T. No.: 299048

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 3 | 0 | स. काममा दक्ष | 150 | ६४,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २३ गते (6 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**DHR**
Gov. lic. No. 789/065/66
**Destiny Human Resource Nepal Pvt. Ltd.**
Tinkune, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634, Email:tinkunedestinyhr@gmail.com
Mob: 9863911244, 9851202756, 9851170405, 9860405352

# प्यूठानमा बहुमूल्य सिपी पालन शुरु

**राजेश जीसी / मध्यान्ह**
प्यूठान, १५ माघ



प्यूठानमा पहिलो पटक सिपी पालन गर्न थालिएको छ। प्यूठान नगरपालिका मरन्ठानाका कृषक दिन बहादुर जिसीले सिपी पालन गर्न थालेका हुन्। गहनाको रुपमा प्रयोग हुने बहुमूल्य धातु सिपी प्यूठानमा पालन गर्न थालिएको हो। बहुमूल्य मोति अर्थात् सिपी जीसीले माछापोखरीमा पालन गर्न थालेका हुन्। जिसीले माछापोखरीमा आफैं फेला परेका सिपीको संरक्षण गरी व्यवसायिक रुपमै पालन गर्न थालेका बताए। 'माछापोखरीमा बहुमूल्य सिपी भेटियो र मैले संरक्षण गरी व्यवसायिक रुपमा पालन गर्न थाले' उनले भने,'अहिले सिपी धेरैनै भएका छन्।'

सिपी पानीमा पाइने एक प्रकारको जीव हो। प्रायः समुन्द्रमा पाइने सिपी जीसीको माछापोखरीमा प्रशस्त छन्। २०७० सालमा पहिलो पटक पोखरीमा आफैं फेला परेका सिपी पछिल्लो समय बढ्दै गएका छन्।

'०७० सालमा माछापोखरीमा आफै फाट्टफुट्ट देखिएको थियो,' जिसीले भने, '०७५ सालमा व्यापक भएपछि नमुनाको रुपमा गोदावरी, बालाजु र पोखरा पठाएको थिए।' उनका अनुसार कृषि अनुसन्धानकर्ता एकवाल हुसेनले एक सय वटा नमुना अध्ययनका लागि पोखरा लगेका थियो।

प्राकृतिक रुपमै पोखरीमा सिपी भेटिएपछि जीसीले त्यसको अध्ययन अनुसन्धान गर्दै सिपीको संरक्षण गर्दै आएका छन्। विभिन्न पत्रपत्रिका, युट्युवहरुमा हेरेर सिपीको बारेमा बुझ्ने गरेको जीसीले बताए। उनको पोखरीमा रहेको सिपी केहि सिमित व्यक्तिले खरिद गरेर लैजाने गरेका छन्। 'करिव १३ रोपनी क्षेत्रफलमा माछापालन गर्दै आएको छु,' उनले भने,'यिनै पोखरीमा माछासँगै सिपी पनि प्रशस्त छन्।'

आफूले परम्परागत रुपमा सिपीलाई पाल्दै आएपनि अझैपनि व्यावसायिक रुपमा अगाडि बढाउन नसकिएको उनको भनाइ छ। सिपीको बारेमा नेपालमै अनुसन्धानको विषय भएकाले समेत यसको व्यावसायिकतातर्फ उन्मुख हुन नसकेको उनको बुझाइ छ।

खोला नाला र पोखरीमा पाइने सिपीले विशेषतः मोति उत्पादन गर्दछ। विकसित मुलुकमा मोती खेती गर्ने चलन भएपनि नेपालमा अझै हुन नसकेका उनले बताए। सिपीको व्यावसायिक पालनका लागि सरकारले यसको अध्ययन अनुसन्धानलाई तीव्रता दिँदै किसानलाई प्रोत्साहित गर्नपर्ने जिसीको भनाइ छ।

**के हो सिपी ?**

सिपी एक समुन्द्री जीव हो। यो विशेषगरी नेपालको तराई तथा चुरे क्षेत्रमा पाइन्छ। सिमसार, पोखरी, नहर, माछा पोखरी, खोला, खोल्सामा जमेर रहेको पानीमा हुने गर्दछ। यसबाट निस्कने वा बन्ने एक प्रकारको बहुमूल्य धातु(रत्न) नै मोती हो। यो विभिन्न रंगमा पाइन्छ। जुन जीवित सिपीकोभित्र उत्पादन हुन्छ। मोतीलाई प्राकृतिक रत्न पनि भनिन्छ। यो विश्वका चीन, जापान, अष्ट्रेलिया, भियतनाम, भारत, युएई, अमेरिका, लगायतको देशहरुमा मोती उत्पादन हुन्छ। तर नेपालमा भने केहि निजी तथा सरकारी क्षेत्रमा पालन गर्ने गरिएको छ। सिपी बहुमूल्य रत्न भएपनि धेरै नेपालीलाई यसको महत्व थाहा छैन्। सिपी अर्थात् मोती गरगहना बनाउन प्रयोग गरिन्छ। नेपालमा प्रयाप्त खेती नहुँदा अन्य मुलुकबाट आयात हुने गरेको छ।

# 'स्टार्ट अप'का लागि ३ प्रतिशत ब्याजदरमा २५ लाखसम्म कर्जा

**कृष्णानन्द भट्ट / मध्यान्ह**
काठमाडौं, १५ माघ




सरकारले नवप्रवर्तन (स्टार्टअप) का लागि ३ प्रतिशत ब्याजदरमा २५ लाख रुपैयाँसम्म कर्जा प्रवाह गर्ने भएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले 'स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि २०८०' स्वीकृति गरेसँगै ३ प्रतिशत ब्याजदरमा कर्जा पाइने भएको हो।

बैंकले कर्जा प्रवाह गर्दा कम्तीमा ५ लाख रुपैयाँसम्मको हकमा एक किस्ता र २५ लाख रुपैयाँसम्मको हकमा तीन किस्तामा प्रवाह गर्ने भएको छ। कर्जा प्रवाह गर्दा सेवा तथा प्रशासनिक शुल्क भने बैंकले ०.१ प्रतिशतसम्म लिनेछ। यस्तो कर्जा सरकारी स्वामित्वको वाणिज्य बैंकले प्रवाह गर्नेछन्।

पहिलो किस्ताको रकम सम्बन्धित परियोजनामा लगाएको प्रमाण पेश गरेपछि बैंकले बाँकी किस्ता कर्जा प्रवाह गर्नेछ। बैंकले कर्जा प्रवाह गर्दा परियोजनाको बीमा भने गर्नु पर्नेछ।

कार्यविधि अनुसार १६ क्षेत्रको परियोजनामा कर्जा प्रवाह हुनेछ, जस अन्तर्गत कृषि तथा पशुपन्छी, वन पैदावार, पर्यटन प्रवर्द्धन तथा मनोरञ्जन र अतिथि सत्कार, विज्ञान, प्रविधि, सूचना तथा सञ्चार, मानव स्वास्थ्य, शिक्षा तथा शिक्षण सिकाइसँग सम्बन्धित क्षेत्र, सहज र सुरक्षित यातायात तथा परिवहन रहेको छन्।

यसैगरी अटो मोबाइल, परम्परागत प्रविधि, उत्पादन र सेवा प्रवाह, खानी तथा खनिज अनुसन्धान र विकास, घरायसी तथा दैनिक जीवनयापन, खाद्य उत्पादन तथा प्रशोधनसँग सम्बन्धित क्षेत्रका स्टार्टअपलाई मान्यता दिइने कार्यविधिमा उल्लेख गरिएको छ।

फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षण, विपद् व्यवस्थापन, वैकल्पिक तथा नवीकरणीय ऊर्जा र जलवायु परिवर्तन न्यूनीकरणसँग सम्बन्धित क्षेत्रमा पनि स्टार्टअप कर्जा लिन सकिने छ। स्टार्टअप कार्यविधि कार्यान्वयन गर्ने निकाय भने औद्योगिक व्यवसाय विकास प्रतिष्ठानलाई तोकिएको छ।

यदि स्टार्टअप कर्जा लिएर नतिरे उद्यमीको राहदानी रोक्का हुनेछ भने चल अचल सम्पत्ति खरिद बिक्री रोक्का हुनेछ। उद्यमीको बैंक तथा वित्तीय संस्थामा रहेको खाता रोक्का हुनेछ भने सरकारले उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ता तथा अन्य सेवा सुविधाबाट वञ्चित गराइनेछ। तर तोकिएको अवधि भन्दा पहिले नै कर्जा चुक्ता गर्ने उद्यमीलाई भने कुनै पनि अतिरिक्त शुल्क लाग्ने छैन।

# खोज तथा उद्धारसम्बन्धी अभिमुखीकरण सम्पन्न



**सिन्धुपाल्चोक / मस-** मेलम्चीमा खोज तथा उद्धार सम्बन्धी एकदिने अभिमुखीकरण तालिम सम्पन्न भएको छ। रिड नेपालको आयोजना, करुणा ट्रस्टको आर्थिक सहयोग र मेलम्ची नगरपालिकासँगको समन्वयमा भएको तालिममा मेलम्ची नगरपालिका वडा अध्यक्षहरु, ७ वटा विद्यालयका क्लब, शिक्षक,विद्यार्थी,सामुदायिक वनका पदाधिकारी लगायतको सहभागिता रहेको थियो।

कार्यक्रममा मेलम्ची नगरपालिकाका उपप्रमुख उमा प्रधानले रिड नेपालले विगतदेखि विपद, आयआर्जन, महिलाहरुलाई सीपसँग जोड्दै सशक्तिकरणका लागि गरेको ठूलो सहयोग गरेको भन्दै संस्थाको कामको प्रशंसा गरिन्। सिन्धुपाल्चोक विपदग्रस्त जिल्ला भएकाले पनि यहाँ विपदसँग सम्बन्धित धेरै सचेतनताका कार्यक्रम आवश्यक रहेको उनले बताइन्। विपद जतिबेला पनि पर्ने भएकाले पूर्वतयारीको लागि चनाखो हुनपर्ने उनले बताइन्। उनले संस्थाले दिएको सामानको सहि सदुपयोग गर्न समेत सुझाव दिइन्। उपप्रमुख प्रधानले आगामी दिनमा सधैं समन्वय र सहकार्यमा नगरपालिका सधैं साथमा रहेको बताउँदै रेडक्रस, स्काउट, विद्यार्थी, समुदायको अगुवालाई प्रदान गरिने यस्ता तालिमले विपदका बेला सहज हुने बताइन्।

कार्यक्रममा संस्थाका अध्यक्ष निरा शाक्यले सिकेका सीपलाई प्रयोगमा ल्याउन आग्रह गरिन्। उनले विपदका बेला कसरी कार्य गर्ने, कस्तो भूमिका निर्वाह गर्ने भन्ने विषयमा तालिम फलदायी हुने विश्वास लिएको बताइन्।

# मुसहर बस्तीमा जाडो छल्न न्यानो कम्बल वितरण



**मनु यादव / मध्यान्ह**
सिरहा, १५ माघ

सिरहा नगरपालिकाका विपन्न परिवारलाई जाडो छल्न कम्बल वितरण गरिएको छ। जिल्ला विपद व्यवस्थापन समिति सिरहाले खैरटोकामा रहेका मुसहर बस्तीका करिब १५ घर परिवारलाई न्यानो कम्बल वितरण गरेको हो।

मधेश प्रदेश सरकार गृह, सञ्चार तथा कानून मन्त्रालयले उपलब्ध गराएको उक्त कम्बल सिरहा नगरपालिका वडा नं.८ महिसोथा र वडा न.१७ खैरटोकाका अतिविपन्न परिवारलाई वितरण गरेको सिरहाका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले जानकारी दिए।

मुसहर बस्ती खैरटोकाका विपन्न परिवारमा रहेका स-साना बालबालिकाहरुको लागि पनि न्यानो कपडा उपलब्ध गराउने उनले बताए।

कम्बल वितरण कार्यक्रममा प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डे, सशस्त्र प्रहरी बल सिरहाका गणपति शिव गैरे, अनुसन्धानका एसपी देवराज लिम्बू, नेपाल प्रहरीका नायव प्रहरी उपरीक्षक रबिन्द्रराज पाण्डे लगायत स्थानीय समाज सेवी, बुद्धिजीवि, युवा समाजसेवी तथा नेपाल प्रहरी, सशस्त्र प्रहरीका जवानहरुको उपस्थिति रहेको थियो।

# भट्टार-तालामाराङ सडक कालोपत्रे हुँदै



**सुशील सुवेदी / मध्यान्ह**
सिन्धुपाल्चोक, १५ माघ

मेलम्ची नगरपालिका वडा नम्बर ७ स्थित दुवाचौर भट्टार-तालामाराङ सडक कालोपत्रे गरिने भएको छ। मेलम्ची नगरपालिकाका प्रमुख आइतमान तामाङ,उपप्रमुख उमा प्रधान,वडा नम्बर ७ का अध्यक्ष पासाङ दोङ, प्रमुख प्रशासकीय अधिकृत निमेश मिश्र लगायतले सोमबार एक समारोहकाबीच संयुक्त रुपमा शिलान्यास गरेका छन्।

कार्यक्रममा नगर प्रमुख आइतमान तामाङले संघ र नगरपालिका मिलेर सडक स्तरोन्नति र कालोपत्रेको लागि बजेट व्यवस्था गरेर अहिले काम शुरु भएको बताए। उनले वहुवर्षीय योजना भएकाले अहिले २ करोड रुपैयाँको काम हुने जानकारी दिए।

उनले तालामाराङ भट्टार पुलका लागि प्रदेश र संघलाई नगरसभाबाट सिफारिस गर्ने प्रतिबद्धता जनाए।

नगर प्रमुख तामाङले नगरलाई समृद्ध बनाउन अहिलेको जनप्रतिनिधिको दायित्व र जिम्मेवारी भएकाले शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, खानेपानी, लगायतका क्षेत्रमा नगरपालिकाले काम गरिरहेको जानकारी दिए।

निर्माणको जिम्मा पाएको श्री रुद्रादेवी बटुसफल जेभिले सडक कालोपत्रे, सोलिङ, ग्राभेल, नाला, वाल लगायतको काम २०८३ साल माघसम्म सम्पन्न गर्नुपर्ने छ। तीन वर्से आयोजनाको ६ करोड ७८ लाख ५६ लाख रुपैयाँमा सम्झौता भएको छ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/१०/०५ मा दर्ता भएको **प्रा.लि.नं. १८१७६५** को **बज विष्ट्रो एण्ड बार प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/१०/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६३/०८/१० मा दर्ता भएको **प्रा.लि.नं. ४२५६१/०६३/०६४** को **टि.डाइरेक्ट प्रा.लि.** को मिति २०८०/१०/१५ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।
**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/१०/१७ मा दर्ता भएको **प्रा लि नं १८२६५६/०७४/०७५** को **हेल्थस्ववायर फार्मेसी प्रा.लि.**को मिति २०८०/०९/२६ मा सम्पन्न विशेष साधारण सभा बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वैच्छिक खारेजी लिक्विडेसनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।
**लिक्वीडेटरः रामचन्द्र ओझा, ईजाजत प्र.प.नं. ३२९**
**ठेगानाः पुलचोक-अनामनगर, काठमाडौं फोन नं. ०१-५७०५००४**

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी
**नेपाल आयल निगम लि. को**
**अति आवश्यक जानकारी**

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :**
१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्टाएर प्रयोग नगरौं।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ। साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिसौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :**
१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ।
२. झयाल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धूप आदि नबालौ। विद्युतजन्य उपकरणको प्रयोग नगरौ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ।

*• इन्धनको चुहावट र दुरुपयोग नगरौं। राज्यप्रति जवाफदेही र इमान्दार बनौं। • पेट्रोलियम पदार्थमा मिसावट कानुनी अपराध हो। मिसावट नगरौं। • शुद्धता, सुरक्षा र वातावरण संरक्षणमा सबैले ध्यान दिने गरौं।*

**'सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।'**
उपभोक्ता जनहितका लागि जारी
**नेपाल आयल निगम लि.**
प्रादेशिक कार्यालय अमलेखगञ्ज बारा

**यूएई स्थित सुपरमार्केटको FOOD COURT मा FREE VISA, FREE TICKET को रोजगारको अवसर**

**कम्पनी : FINE FARE FOOD MARKET L.L.C** — **शहर : DUBAI**
पूर्व स्वीकृत मितिः २०८०/०४/०२ — चलानी नं.: ६०२०४८०९ — LT. No.: 289574 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 36 | 30 | सम्बन्धित काममा दक्ष | 2025 | ७३,१८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sales Officer | 51 | 20 | | 2025 | ७३,१८४ | | | | | | | |

**कम्पनी : SPINNEYS ABU DHABI LLC** — **शहर : ABU DHABI**
पूर्व स्वीकृत मितिः २०८०/०४/०२ — चलानी नं.: ६०२०४८०८ — LT. No.: 289573 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 232 | 35 | स. काममा दक्ष | 2025 | ७३,१८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

COOK, KITCHEN HELPER, KITCHEN WORKER, BAKERY सम्बन्धि ज्ञान भएको।

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २७ र २८ गते (11 & 12 February 2024) मा हुनेछ।**

न्यूनतम SLC Pass भई अंग्रेजी भाषा राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ। उमेर २१ वर्ष पुरा भई ३० बर्ष ननाघेको, COOK, BARISTA, DELI/BAKERY, BUTCHER को हकमा ३५ बर्षसम्मको र शरिरमा ट्याटु नभएको हुनुपर्नेछ साथै COOK, BAKERY BUTCHER को हकमा शरिरमा ट्याटु भएपनि आवेदन गर्न सक्नुहुनेछ। COOK, BARISTA, BAKERY, KITCHEN STAFF, COFFEE SHOP, FAST FOOD, RESTAURANT STAFF, WAITER, BUTCHER,KITCHEN HELPER सम्बन्धी अनुभव भएकोलाई विशेष प्राथमिकता। फाराम आफ्नै हस्ताक्षरले भर्नुपर्नेछ र अन्यले भरे दर्ता गरिने छैन। कुनै पनि नक्कली प्रमाणपत्रहरू पेश गरिएका प्रमाणपत्रहरूबाट पर्न सक्ने कुनै पनि कानूनी कारवाहीको जिम्मेवारी निवेदक आफै हुनुपर्नेछ।

नोटः यस प्रा. लि. ले नेपाल सरकारको निति बमोजिम Free Visa/Free Ticket मा वैदेशिक रोजगार पठाउने भएकोले यस मागपत्रको विषयमा कुनै आर्थिक कारोबार गरेमा वैदेशिक रोजगार प्रकृया रद्ध गरिनेछ र प्रि तथा फाईनल अन्तर्वार्तामा आउँदा आफ्नो बायोडाटा, अनुभव, राहदानी र शैक्षिक प्रमाण पत्रको प्रतिलिपि लिई उपस्थिती हुनुहोला।

यस प्रा.लि.को कार्यालय धुम्बाराही हाइट, मोक्ष मार्ग बाट धुम्बाराही हाइट कै माता कुमारी मन्दिरको अगाडी बिष्णु गल्ली मा मिति २०८०/१०/१४ गते आईतबारबाट संचालन भएको व्यहोरा गराउँदछौं।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचालमा सम्पर्क गर्नुहोला। ८. छनौट भई भिषा प्राप्त गरिसकेका व्यक्तिहरुले उक्त रोजगारमा जान नचाहेमा भिषा वापत लाग्ने शुल्क क्षतिपूर्ति दिनुपर्नेछ।

**न्यू गोर्खाज इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ३४८/०५९/०६०
पो.ब.नं ५६४५, धुम्बाराही हाइट, विष्णुगल्ली, धुम्बाराही, काठमाडौं, नेपाल, फोनः 01 4544928
Mobile: 9866298734 | 9761897444 | 9841338351
Email: newgurkhasintl@gmail.com./ Whats App No: +977 9866298734.



मध्यान्ह
www.madhyanhadaily.com
१६ माघ २०८०, मंगलबार
30 January 2024, Tuesday

## सम्पादकीय

# सुशासनको कोशेढुंगा

राष्ट्रिय चासोको विषय बनेको एनसेल खरीद–बिक्री प्रकरणमाथि अध्ययन गर्न बनेको उच्च स्तरीय समितिले अर्थपूर्ण निष्कर्ष निकालेको छ । गत मंसिर दोस्रो साता पूर्व महालेखापरीक्षक टंकमणि शर्माको नेतृत्वमा बनेको उच्च स्तरीय अध्ययन समितिले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई प्रतिवेदन बुझाउँदै अर्थपूर्ण निष्कर्ष सार्वजनिक गरेका हुन् । शर्माले पत्रकारहरूलाई दिएको जानकारी अनुसार, एनसेल खरीद–बिक्रीमा स्रोत नखुलेको सम्पत्ति प्रयोग भएको छ । स्रोत नखुलेको सम्पत्ति प्रयोग भएको निष्कर्षसँगै समितिले यथास्थितिमा ऐनसेलको खरीद–बिक्री स्वीकार्न नसकिने सुझाव समेत दिएको छ । सँगै, यो प्रकरणमा जोडिएकाहरूमाथि सम्पत्ति शुद्धिकरण र भ्रष्टाचार मुद्दा समेत चलाउन सिफारिस गरिएको छ । यद्यपि प्रतिवेदनको पूर्ण पाठ सार्वजनिक गरिएको छैन ।

पूर्ण प्रतिवेदन सार्वजनिक हुन बाँकी रहेपनि आमचासोको विषय भने सम्बोधन भएको छ । किनकि एनसेल खरीद–बिक्री पारदर्शी नरहेकै धेरैको अनुमान थियो । त्यसैकारण सामाजिक सञ्जाल, सडकदेखि संसद्सम्म प्रश्न उठेको थियो । संसदीय समितिले प्रधानमन्त्री प्रचण्डलाई समेत जवाफ दिन बोलाएको थियो । जवाफका क्रममा प्रधानमन्त्रीले दिएको जवाफ झनै शंकास्पद थियो । किनकि संघीय संसदको राज्य व्यवस्था तथा सुशासन समितिमा प्रधानमन्त्री प्रचण्डले एनसेलको खरीदकर्ता ब्यापारीको घरमा आफू बस्ने गरेको स्वीकारेका थिए । आफू मात्रै नभएर नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली समेत सिंगापुर जाँदा त्यही ब्यापारीको घरमा बस्ने गरेको प्रष्टोक्ति दिएका थिए ।

जबकी आमवृत्तमा पत्याउनै नसकिने मूल्यमा एनसेल खरीद–बिक्री गरिनुमा राजनीतिक नेतृत्वको समेत संलग्नता रहेको आशंका गरेका थिए । कतिपय नेताहरूले सार्वजनिक रूपमै शीर्ष नेताहरूको संलग्नता बिना यो तहको निर्णय असंभव रहेको सार्वजनिक टिप्पणी गरेका थिए । आमरूपमा प्रश्न उठेकैले सरकारले पूर्व महालेखा परीक्षक शर्माको संयोजकत्वमा उच्च स्तरीय अध्ययन समिति गठन गरेको थियो । समितिले आमनागरिकले गरेको आशंकालाई बल पुग्नेगरी प्रतिवेदन तयार पारेको प्रष्ट भएको छ । अर्थात् फेरि पनि प्रश्न राजनीतिक नेतृत्वतर्फ नै तानिएको छ, त्यो पनि सुशासनको निम्ति एउटा महत्वपूर्ण घटनाका क्रममा । मुलुकमा भ्रष्टाचार ब्याप्त रहेको, ती प्रकरणहरूमा नेताहरू जोडिएको र कार्बाही नहुने गरेको जस्तो आमबुझाइका निम्ति समेत यो प्रकरण निर्णायक हुन सक्ने देखिन्छ । अतः सरकारले यो प्रतिवेदनलाई आधार मानेर आवश्यक कदम चाल्न जरूरी छ, जसले नेतृत्वप्रतिको विश्वास थप धर्मराउँछ अथवा विश्वासको बातावरण सिर्जना हुन्छ भन्ने तय गर्नेछ ।

# सत्ता दुरूपयोगको चरम रूप

*भ्रष्टाचार, घुसखोरी, कमिसनखोरी र अनियमितताका तस्वीरहरू श्रृंखलाबद्धरूपमा छरपष्ट भैरहेका छन्, तर सत्ता नेतृत्व निर्देशनको रटानमा भुलिरहेको छ । आफैले विश्वास गरेका पात्रहरूबाट नै आफूलाई कमजोर बनाउने खेल पर्दा बाहिरबाट नै भइरहेको सत्ता नेतृत्वलाई पत्तो नै छैन ।*

अग्रलेख



● गोविन्द विक

